# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ८ भद्रपुर माघ २९ गते, २०८१ साल, संख्या १०

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अटिजम सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

*स्वीकृत मिति -२०८१/१०/२८*

*प्रमाणीकरण मिति -२०८१/१०/२९*

## प्रस्तावना

अटिजम सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको उचित हेरचाह, स्याहार तथा सिकाइ व्यवस्थापनका लागि अटिजम सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनगर्न वाञ्छनीय भएकाले,भद्रपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ वमोजिम भद्रपुर नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेकोछ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम अटिजम सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८१ हुनेछ ।

(२) यो कार्यविधि भद्रपुर नगरपालिका, नगर कार्यपालिकाले स्वीकृत भद्रपुर गरेको मितिवाट लागु हुनेछ ।

### २. परिभाषा

(क) केन्द्र भन्नाले भद्रपुर नगरपालिकाद्वारा संचालित अटिजम सेवा केन्द्र सम्झनु पर्छ ।

(ख) कार्यपालिका भन्नाले भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) निर्देशक समिति"भन्नाले दफा १) बमोजिम गठित अटिजम सेवा केन्द्र सञ्चालन तथा निर्देशक समिति सम्झनु पर्छ ।

घ) "नगरपालिका"भन्नाले भद्रपुर नगरपालिका सम्झनुपर्छ ।

(ङ) "शाखा"भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(च) लक्षित बालबालिकाू भन्नाले भद्रपुर नगरपालिका भित्रका वा बाहिरका अटिजम भएका वालवालिका सम्झनु पर्छ ।

(छ) साझेदार संस्था भन्नाले भद्रपुर नगरपालिकाद्वारा संचालित अटिजम केन्द्र सञ्चालन गर्न इच्छुक वा सहयोग गर्ने संस्था सम्झनुपर्छ ।

(ज) अभिभावक वा संरक्षक भन्नाले अटिजम भएका बालबालिकाका बाबुआमा वा हेरचाहगर्ने अधिकार प्राप्त व्यक्ति वा व्यक्तिहरु सम्झन् पर्छ ।

### ३. केन्द्रको कार्य र सेवा

(१) अटिजम सेवा केन्द्र सञ्चालन गर्दा नगरपालिका क्षेत्रभित्र सबैलाई पायक पर्ने स्थानमा सञ्चालन गरिनेछ ।

(२) अटिजम सेवा केन्द्रलाई अटिजम भएका बालबालिकाहरूको दिवा सेवा केन्द्रको रूपमा सञ्चालन गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि दीर्घकालमा केन्द्रलाई अटिजम भएका बालबालिकाहरूको आवासीय सेवा केन्द्रको रूपमा बिकास गरिनेछ ।

(३) अपाङ्गता भएका लक्षित बालबालिकाहरूको सर्वोतम हितलाई ध्यानमा राखि दिवा सेवाको रूपमा केन्द्रबाट देहाय बमोजिमका सेवाहरू उपलब्ध गराइनेछः(

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(क) अटिजम भएका बालबालिकाहरूको सीप विकास, सामाजिक अन्तरक्रिया र स्वावलम्बनका लागि नियमित र नियोजित रूपमा सञ्जालन गरिने पेन्टिङ र कला,संगित, विभिन्न शिक्षाप्रद खेल अभ्यास तथा अन्य घर बाहिर गरिने क्रियाकलापहरू

(ख)अटिजम भएका बालबालिकाहरूले देखाउने चुनौतीपूर्ण व्यवहारलाई न्युनीकरण गरी सामाजिक अन्तरक्रियालाई बढावा दिने क्रियाकलापहरू

(ग)अटिजम भएका बालबालिकाहरूको विशिष्टता अनुरूप उनीहरूको व्यक्तिगत हेरचाहकालागि विकास र कार्यान्वयन गरिने सञ्चार, सामाजिक अन्तरक्रियात्मक,

(घ) अटिजम भएका बालबालिकाहरूको बोल्ने शैली, भाषा क्षमता तथा सामाजिक अन्तरक्रियात्मक सीप विकासका लागि गरिने उपचारात्मक क्रियाकलापहरू,

(ङ)अटिजम भएका बालबालिकाहरूको लागि स्वनियमन क्षमता र संवेगात्मक क्षमतामा अभिवृद्धि गर्नका साथै पोशाक लगाउने, खाना खाने र उन्नत व्यवहार देखाउने जस्ता दैनिक क्रियाकलापको ,

(च) परिस्कृत वातावरणमा अटिजम भएका बालबालिकाहरूलाई सामाजिक सीप र कौशलहरूको सिकाई र अभ्यासको अवसर दिने पूर्वनिर्धारित समूह क्रियाकलाप,

छ)अटिजम भएका बालबालिकाहरूलाई दैनिक पोषणयुक्त खाजा सुविधाका साथै बिशिष्ट पोषण आवश्यकता भएका बालबालिकालाई विशिष्ट पोषणयुक्त खाजाको,

(ज) अटिजम भएका आफ्ना बालबालिकाको आवश्यकता प्रभावकारी तरिकाले बुझ्न, प्रभावकारी अभिभावकीय हेरचाह कौशल सिक्न र त्यस्ता बालबालिकाको हितका लागि स्रोत तथा सहायता प्रणालीमा सहज पहुँच बनाउने कलाको बिकासका लागि अभिभावक तथा संरक्षकहरूलाई विभिन्न किसिमका तालिम तथा जानकारी सम्बन्धी क्रियाकलापहरू,

(झ) अटिजम भएका बालबालिकाहरूलाई अल्पकालीन रूपले हेरचाह गरी अभिभावक वा संरक्षकलाई क्षणिक आराम दिन सञ्चालन गरिने क्रियाकलापहरू,

(ञ) घरबाट विद्यालय, थेरापीस्थल, खुला समाज जस्ता स्थानहरुमा अटिजम भएकाबालबालिकाहरूको परिवेशमा आउने परिवर्तनबाट पर्ने असरको न्युनीकरण गर्न तथा अभ्यस्त बनाउन गरिने योजना तथा रणनीति निर्माण जस्ता क्रियाकलापहरू,

(ट) अटिजम भएका बालबालिकाहरूको भैपरि आउने स्वास्थ्य समस्याको निराकरण तथा उपचारका लागि बिज्ञ डाक्टर तथा स्वास्थ्यकमीका साथै मनोसामाजिक सेवा सम्बन्धी क्रियाकलापहरू ,

(ठ) अटिजम भएका बालबालिकाहरूको सिकाई तथा क्षमता विकासका क्रियाकलाप सञ्चालनका लागि सुरक्षित सहायतामुखी तथा समावेशी वातावरणको सिर्जनासम्बन्धी क्रियाकलापहरू,

(ड) अटिजम भएका बालबालिकाहरूको सर्वोत्तम हितका लागि सञ्चालन गरिने अन्य क्रियाकलापहरू ।

## आर्थिक व्यवस्थापन

(१) केन्द्र सञ्चालनका लागि बजेट व्यवस्थापनको जिम्मेवारी भद्रपुर नगरपालिकाको हुनेछ ।

(२) केन्द्र सञ्चालनका लागि नगरपालिकाले प्रत्येक आ.व. मा बार्षिक बजेट बिनियोजन गर्नेछ

(३) केन्द्र सञ्चालनका लागि नेपाल सरकार,प्रदेश सरकार, र स्थानीय तहहरुबाट प्राप्त अनुदान परिचालन गर्न सकिनेछ ।

(४) केन्द्र सञ्चालन र व्यवस्थापन तथा पुर्वाधार निर्माणको लागि बिभिन्न गैरसरकारी संस्थाहरू र व्यक्तिगत सहयोग प्राप्त भएमा उपयोग गरिनेछ।

(५) उपदफा (४) बमोजिम गरिने उपयोगको प्रारूप सम्बन्धित निकाय वा संस्थासँग गरिने सम्झौता बमोजिम हुनेछ।

**केन्द्र संचालन तथा निर्देशक समिति:**

१) केन्द्रको सञ्चालन मार्गनिर्देशन गर्न देहाय बमोजिमको एक अटिजम सेवा केन्द्र सञ्चालन तथा निर्देशक समिति रहनेछ

(क) प्रमुख :संयोजक

(ख) उप प्रमुख :सह संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका :सदस्य

(घ) सामाजिक बिकास समिति संयोजक :सदस्य

(ङ) नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख :सदस्य

(च) नगरपालिकाको स्वास्थ्य महाशाखा प्रमुख सदस्य :सदस्य

(छ) अपाङ्गता भएका व्यक्तिहरूको पालिका स्तरीय संस्थाको अध्यक्ष :सदस्य

(ज) केन्द्र सञ्चालन गरिने संस्थाको प्रमुख :सदस्य

(झ) केन्द्रमा भएका बालबालिकाका अभिभावकहरुमध्ये बाट एक जना महिला सहित दुई जना :सदस्य

(ञ) कार्यपालिकाले तोकेको एक जना :सदस्य

(ट) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख :सदस्य सचिव

(२) उपदफा (१) अनुसारको समितिको बैठक आवश्यकता अनुसार नियमित रुपमा संचालन हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) केन्द्रको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ख) केन्द्र सञ्चालनका सम्बन्धमा आवश्यक पर्ने कानूनी मस्यौदा तयार गर्ने,गराउने।

(ग) केन्द्र सञ्चालनका लागि आवश्यक बजेट बिनियोजनका लागि कार्यपालिकासमक्ष प्रस्ताव गर्ने।

(घ) केन्द्र सञ्चालनका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तहहरू तथा गैरसरकारी संस्थासँग समन्वय गर्ने।

(ङ) केन्द्र सञ्चालनको कामका सम्बन्धमा अनुगमन गर्ने।

(च) केन्द्रको सञ्चालनका सम्बन्धमा वार्षिक प्रतिवेदन बनाई कार्यपालिका समक्ष पेश गर्ने।

(छ) केन्द्र सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोतको खोजी गर्ने।

(ज) केन्द्र सञ्चालनमा सहजीकरणका लागि अन्य आवश्यक कार्य गर्ने, गराउने।

(झ) बिज्ञसँगको परामर्शमा अटिजम सेवा केन्द्रको पुर्वाधार सम्बन्धी न्यूनतम मापदण्ड निर्धारण गर्ने।

(ञ) केन्द्र सञ्चालनका लागि प्राप्त आर्थिक तथा प्राविधिक र वस्तुगत अनुदान वा सहायताको स्वीकृती प्रदान गर्ने।

(ट) केन्द्र सञ्चालका लागि आवश्यक पर्ने जनशक्तिको आकलन गरी कार्यपालीका समक्ष पेश गर्ने ।

(४) उपदफा (१। बमोजिमको समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक वा आवश्यकता अनुसार जुनसुकै बेला वस्नेछ ।

(५) उपदफा (१। बमोजिमको समितिको बैठकमा अपाङ्गताको क्षेत्रमा कार्य गरिरहेका सरकारी तथा गैरसरकारी निकाय तथा संघ संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन:**

(१) केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति नगरपालिकाले व्यवस्थापन गर्नेछ ।

क) १ देखि १० जना बालबालिकाका सम्मका लागि १ जना कक्षा सहजकर्ता र एकजना आया हुने गरी सोही अनुसार बालबालिकाको संख्या वृद्धि भएमा सो अनुपातमा सहजकर्ता र आया रहनेछ ।

ख) १ जना सुरक्षा गार्ड

ग) १ जना सहयोगी

घ) १ जना केन्द्र प्रमुख

केन्द्रको आवश्यकता अनुसार केन्द्र सञ्चालन तथा निर्देशक समितिले कर्मचारी थपघटको लागि कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्र संचालनका लागि जनशक्ति आवश्यक भएमा नगरपालिका मातहतका सार्वजनिक बिद्यालय र संस्थामा रहेका सहजकर्ता र शिक्षक कर्मचारीलाई केन्द्र संचालन तथा निर्देशन समितिको निर्णय अनुसार समायोजन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका जनशक्तिको पारिश्रमिक तथा सुविधा नगरले नै व्यहोर्ने छ ।

(४) केन्द्र सञ्चालनको लागि संघ ,प्रदेश सरकार बाट सर्शत अनुदान प्राप्त भएमा सोही अनुसार व्यवस्थापन गर्न सकिनेछ ।

(५)उपदफा (१। बमोजिम आवश्यक जनशक्तिको योग्यता,सेवा सर्त देहाय बमोजिम हुँनेछ।

**केन्द्र प्रमुख**

- नगरपालिकामा कार्यरत अधिकृतस्तरको कर्मचारी वा सम्बन्धित विद्यालयको प्रमुख लाई केन्द्र प्रमुखको जिम्मेवारी दिन सकिनेछ
- कुनै पनि विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण भएको हुनुपर्नेछ ।
- प्रशासन र व्यवस्थापन सम्बन्धी अनुभवी लाई प्राथमिकता दिईने छ ।

**कक्षा सहजकर्ता**

- भद्रपुर नगरपालिकाको स्थाई बासिन्दा लाई प्राथमिकता दिइने छ ।
- २१ बर्ष देखि ४५ बर्ष भित्रको उमेर समूहको हुनुपर्नेछ ।
- कुनै प्रकारको गम्भिर प्रकृतिको स्वास्थ्य समस्या नभएको हुनुपर्नेछ ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ ।

- अटिजम भएको बालबालिकाको अभिभावक तथा परिवारको सदस्यलाई प्राथमिकता दिईनेछ।
- अटिजम भएका बालबालिकाको संरक्षण र हेरचाह सम्बन्धी कार्य गर्नको लागि नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट कम्तीमा छ महिनाको तालिम लिएको महिला ग्राहियता दिइनेछ।

**सुरक्षा गार्ड**

- भद्रपुर नगरपालिकाको स्थायी वासिन्दालाई प्राथमिकता दिईनेछ।
- ३० देखि ५५ वर्ष उमेर समुहको हुनुपर्नेछ।
- कुनै प्रकारको गम्भीर प्रकृतिको स्वास्थ्य समस्या नभएको हुनुपर्नेछ।
- सुरक्षा निकायबाट अवकाश प्राप्त व्यक्तिलाई प्राथमिकता दिइनेछ।
- साक्षर हुनुपर्नेछ।

**सहयोगी**

- भद्रपुर नगरपालिकाको स्थायी वासिन्दालाई प्राथमिकता दिईनेछ।
- ३० देखि ५५ वर्ष उमेर समुहको हुनुपर्नेछ।
- कुनै प्रकारको गम्भीर प्रकृतिको स्वास्थ्य समस्या नभएको हुनुपर्नेछ।
- साक्षर हुनुपर्नेछ।

(६) माथि जुनसुकै कुरा उल्लेख भएता पनि अटिजम सेवा केन्द्र संचालनको लागि सम्भव भएसम्म भद्रपुर नगरपालिका वा अर्न्तगत कार्यरत कर्मचारीहरु परिचालन गर्नेछ।

(७) अटिजम सेवा केन्द्र संचालनको लागि नयाँ जनशक्ति भर्ना गर्नु परेमा भद्रपर नगरपालिकाको कर्मचारी छनौट सम्बन्धी कानुन अनुसार गर्नुपर्नेछ।

(८) केन्द्रको सञ्चालनका लागि खटिएका कर्मचारीहरुले सन्तोषजनक ढङ्गले कार्य नगरेमा,प्रचलित कानुन बमोजिम कार्य नगरेमा र नगरपालिकाले दिएको निर्देशनको पटकपटक उल्लङ्घन गरेमा निजलाई भविष्यमा नगरपालिकाको सार्वजनिक सेवामा अयोग्य ठहरिने गरी निजसँगको सम्झौता जुनसुकै बखत भङ्ग गर्न सक्नेछ।

(९) केन्द्रको सञ्चालनका लागि खटिएका जनशक्तिहरुले कम्तीमा २ (दुइ) वर्ष कार्य गर्नुपर्नेछ।

(१०) केन्द्रको सञ्चालनका लागि खटिएका जनशक्तिहरुले स्वेच्छाले करार भंग गर्न चाहेमा कम्तीमा २ (दुइ) महिना अगावै नगरपालिका समक्ष जानकारी दिनुपर्नेछ। जानकारी नदिई करार भंग गर्न खोजेमा या विना जानकारी लगातार सात दिनभन्दा बढी अनुपस्थित भएमा निजलाई प्रदान गरिदै आएको सेवा सुविधा रोकिनेछ ।

११) केन्द्रमा कार्यरत जनशक्तिको पारिश्रमिक नेपाल सरकारले सोही पद वा श्रेणीको लागि तोके बमोजिम हुनेछ। अतिरीक्त सुविधाको सम्बन्धमा नगर कार्यपालिका बैठकले तोके बमोजिम हुनेछ।

**बालवालिका**

(१) अटिजम सेवा केन्द्रमा रहने बालबालिकाको छनौट गर्न लागि शाखाले प्रत्येक वर्ष २१ दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा १ बमोजिम छनौट हुने बालबालीकाको आधार देहाय बमोजिम हुनेछ।

गणेश पोखरेल
नगर प्रमुख
नगर कार्यपालिका

क) सम्बन्धित बालबालिकाको जन्मदर्ता
ख) बावु आमा वा संरक्षकको नागरीकता प्रतिलिपी
ग) सम्बन्धित बालबालिका लाई अटिजम भएको भन्ने व्यहोरा मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित कागजात

**विविध**

१) केन्द्र सञ्चालनको लागि आवश्यक निर्णय नगरकार्यपालिकाले गर्नेछ ।
२) केन्द्रको जनशक्ति सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य नगरपालिका कार्यालयले गर्नेछ
३) केन्द्रको छनौट नगर कार्यपालिकाले गर्नेछ ।
४) अटिजम भएका बालबालिकाको केन्द्र सञ्चालन सम्बन्धी यस अघि भए गरेका कार्यहरु यसै कार्यविधी अन्तर्गत भएको मानिनेछ ।
५) यो कार्यविधिमा संशोधन, थपघट तथा खारेज गर्ने अधिकार भद्रपुर नगरकार्यपालिकामा निहित रहने छ ।

**आज्ञाले**
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत